को नेपाल राजपत्र भाग ३ मा प्रकाशित यस मन्त्रालयको सूचना नं. ६ बमोजिम विभिन्न बिक्रीकर तथा अन्तःशुल्क कार्यालयका अन्तःशुल्क अधिकृतहरूको कार्यक्षेत्र भित्र पर्ने गरी तोकिएका जिल्लाहरू मध्ये निम्न जिल्लाहरूका अन्तःशुल्क अधिकारीहरूको कार्यक्षेत्रबाट झिकी सो जिल्लाहरूमा सम्बन्धित जिल्लाका कोष तथा लेखा नियन्त्रक कार्यालयका प्रमुख कोष नियन्त्रक तथा कोष नियन्त्रकलाई बिक्रीकर तथा अन्तःशुल्क अधिकृतको अधिकार प्रयोग गर्न पाउने गरी तोकेकोले सर्वसाधारणको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

| | | | | | |
|---|---|---|---|---|---|
| १. | ताप्लेजुङ | २. | पाँचथर | ३. | संखुवासभा |
| ४. | तेह्रथुम | ५. | भोजपुर | ६. | ओखलढुङ्गा |
| ७. | सोलुखुम्बु | ८. | खोटाङ | ९. | रामेछाप |
| १०. | दोलखा | ११. | धादिङ | १२. | सिन्धुपाल्चोक |
| १३. | रसुवा | १४. | मनाङ | १५. | लमजुङ |
| १६. | गुल्मी | १७. | अर्घाखाँची | १८. | म्याग्दी |
| १९. | पर्वत | २०. | मुस्ताङ | २१. | बागलुङ |
| २२. | रोल्पा | २३. | रूकुम | २४. | जाजरकोट |
| २५. | दैलेख | २६. | कालीकोट | २७. | मुगु |
| २८. | हुम्ला | २९. | डोल्पा | ३०. | जुम्ला |
| ३१. | बाजुरा | ३२. | डोटी | ३३. | बझाङ |
| ३४. | अछाम | ३५. | दार्चुला | ३६. | बैतडी |

## सूचना २

श्री ५ को सरकारको मिति २०५०।५।२८ को निर्णयानुसार अन्तःशुल्क कार्यालय र बिक्रीकर कार्यालयहरूलाई एकीकृत रूपमा बिक्रीकर तथा अन्तःशुल्क कार्यालय कायम गरी तिनीहरूको कार्यक्षेत्र देहायबमोजिम तोकेको व्यहोरा सर्वसाधारणको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

| कार्यालय | कार्यक्षेत्र |
|---|---|
| १. बिक्रीकर तथा अन्तःशुल्क कार्यालय भद्रपुर, झापा | मेची अञ्चल पूरै |
| २. " " " " विराटनगर, मोरङ | मोरङ जिल्ला |
| ३. " " " " धरान, सुनसरी | मोरङ बाहेक कोशी अञ्चलका सबै जिल्ला |
| ४. " " " " जनकपुर, धनुषा | जनकपुर अञ्चलको सबै जिल्ला |
| ५. " " " " लहान, सिरहा | सगरमाथा अञ्चलको सबै जिल्ला |
| ६. " " " " कलैया, बारा | बारा र रौतहट जिल्ला |
| ७. " " " " वीरगञ्ज, पर्सा | पर्सा जिल्ला |
| ८. " " " " हेटौंडा, मकवानपुर | मकवानपुर जिल्ला |
| ९. " " " " चितवन | चितवन जिल्ला |
| १०. " " " " काठमाडौं | ललितपुर बाहेक बागमती अञ्चलका सबै जिल्ला |
| ११. " " " " ललितपुर | ललितपुर जिल्ला |
| १२. " " " " पोखरा, कास्की | गण्डकी र धवलागिरी अञ्चलका सबै जिल्ला |
| १३. " " " " नवलपरासी | नवलपरासी जिल्ला |
| १४. " " " " भैरहवा, रूपन्देही | नवलपरासी बाहेक लुम्बिनी अञ्चलको अन्य सबै जिल्ला |
| १५. " " " " दाङ | राप्ती अञ्चलको सबै जिल्ला |
| १६. " " " " नेपालगञ्ज, बाँके | भेरी र कर्णाली अञ्चलका सबै जिल्ला |
| १७. " " " " धनगढी, कैलाली | सेती अञ्चलको सबै जिल्ला |
| १८. " " " " महेन्द्रनगर, कञ्चनपुर | महाकाली अञ्चलको सबै जिल्ला |



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

# सूचना ३

श्री ५ को सरकारले आयकर नियमावली, २०३९ को नियम ३ को उपनियम (१) ले दिएको अधिकार प्रयोग गरी २०५० कार्तिक १ गते देखि लागू हुने गरी निम्न लिखित कर कार्यालयहरू स्थापना गरी उक्त कर कार्यालयहरूको कार्यक्षेत्र देहाय बमोजिम हुने गरी तोकेकोले यो सूचना प्रकाशित गरिएको छ ।

| सि.नं. | कर कार्यालयको नाम | कार्यालय रहने स्थान | कार्यक्षेत्र |
|---|---|---|---|
| १. | १ नं. क्षेत्र कर कार्यालयः– | गौशाला– | कर कार्यालय काठमाडौंको कार्यक्षेत्र भित्रको पूर्व मनोहरा नदी र काठमाडौं जिल्लाको उत्तर पूर्वी बाँकी सबै भाग । पश्चिम–धोवी खोला । दक्षिण–बागमती नदी । उत्तर–काठमाडौं जिल्लाको बाँकी उत्तरी सिमाना । |
| २. | २ नं. क्षेत्र कर कार्यालयः– | बवरमहल– | कर कार्यालय काठमाडौंको कार्यक्षेत्र भित्रको । पूर्व– धोवी खोला । पश्चिम – थापाथली चोक, श्री ५ त्रिभुवनको सालिकबाट कान्तीपथ हुदै बुढानिलकण्ठसम्म जाने सडक हुदै खानेपानी रिजर्भ ट्यांकसम्म । दक्षिण– बागमती उत्तर-महाकाल गा.वि.स. र सो बाट उत्तर काठमाडौंको बाँकी सिमाना । |
| ३. | ३ नं. क्षेत्र कर कार्यालयः– | बवरमहल– | कर कार्यालय काठमाडौंको कार्यक्षेत्र भित्रको पूर्व–थापाथली चोक, श्री ५ त्रिभुवनको सालिकबाट कान्तीपथ हुदै बुढानिलकण्ठसम्म जाने सडक |



३६५ ३३५
आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।
मुद्रण विभाग, सिंहदरबार

| | |
|---|---|
| | हुदै खानेपानी रिजर्भ ट्यांकसम्म । |
| | पश्चिम – विष्णुमती नदी । |
| | दक्षिण – बागमती नदी । |
| | उत्तर– काठमाडौं जिल्लाको उत्तरी सिमाना । |
| ४.४ नं. क्षेत्र कर कार्यालय:– कुलेश्वर– | कर कार्यालय काठमाडौंको कार्यक्षेत्र भित्रको पूर्व – विष्णुमती नदी । |
| | पश्चिम– काठमाडौं जिल्लाको पश्चिम तर्फको बाँकी भाग । |
| | दक्षिण – दक्षिणतर्फको बाँकी भाग। |
| | उत्तर –उत्तर तर्फको बाँकी भाग। |
| ५.५ नं. क्षेत्र कर कार्यालय:– कुलेश्वर – | कर कार्यालय काठमाडौं कार्यक्षेत्र-भित्रको पूर्व – नुवाकोट धादिङ्ग र रसुवाको सबै क्षेत्र । |
| ६. कर कार्यालय, सुर्खेत:– सुर्खेत – | कर कार्यालय नेपालगञ्जको कार्यक्षेत्र-बाट सुर्खेत र दैलेख जिल्लाहरू झिकी यस कार्यालयको कार्यक्षेत्र कायम गरिएको । |
| ७. कर कार्यालय, बाह्रबिसे:– बाह्रबिसे – | कर कार्यालय धुलिखेलको कार्यक्षेत्रबाट सिन्धुपाल्चोक जिल्ला र कर कार्यालय जनकपुरको कार्यक्षेत्रबाट दोलखा जिल्ला झिकी यस कार्यालयको कार्यक्षेत्र उक्त जिल्लाहरू कायम गरिएको । |
| ८. कर कार्यालय, भक्तपुर:– भक्तपुर – | कर कार्यालय धुलिखेलको कार्यक्षेत्रबाट भक्तपुर जिल्ला झिकी यस कार्यालयको कार्यक्षेत्र उक्त जिल्ला कायम गरिएको । |

## सूचना ४

श्री ५ को सरकारले मनोरन्जन कर ऐन, २०१७ को दफा ६ को उपदफा (२) ले दिएको अधिकार प्रयोग गरी पाटन संयुक्त क्याम्पसको सहायतार्थ हाईब्रिजन हल काठमाडौंमा मिति २०५०।६।२५ देखि ऐ ३० गते सम्म प्रदर्शन गरिने नेपाली कथानक भिडियो चलचित्र "सम्बध" को प्रदर्शनमा लाग्ने मनोरन्जन कर पूर्णरूपले छूट दिने निर्णय गरेकोले यो सूचना प्रकाशित गरिएको छ ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

## सूचना ५

श्री ५ को सरकारले बिक्रीकर ऐन, २०२३ को दफा २१ ले दिएको अधिकार प्रयोग गरी खण्ड ४१, अतिरिक्ताङ्क ६८ (क), मिति २०४८।११।२१ को नेपाल राजपत्र भाग ३ मा प्रकाशित यस मन्त्रालयको सूचना नं. २ आजैका मितिदेखि खारेज गरेको छ ।

आज्ञाले,
त्रिलोचन उप्रेती
कानून अधिकृत (उपसचिब)



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।
मुद्रण विभाग, सिंहदरबार